भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

गाउँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

आ.व :२०८१/०८२
सूचना नं : ८६

**राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना।**
**(दोस्रो पटक सूचना प्रकाशन मिति : २०८१/११/१८गते)**

आ.व २०८१/८२ को संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) अन्तर्गत सबै जिल्लका कम्तीमा २ स्थानीय तह रहने गरी मानव विकास सूचकाङ्कमा पछाडि परेका ज़म्मा १११ स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम अनुसार भूमे गाउँपालिका, रुकुम पूर्वी (भाग) मा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्नका लागि राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन मापदण्ड २०७७ को दफा ९ बमोजिम योग्यता पुगेका संस्थाले सूचना प्रकाशन भएको मितिदेखि १५ (पन्ध्र) दिन भित्र अनुसूची-२ बमोजिमको ढाँचामा तपसिल अनुसारका आवश्यक कागजातहरु सहित प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

**प्रस्ताव साथ संलग्न हुनुपर्ने विवरण तथा कागजातहरु:**

१. संस्थाको विधान, परिचय, उद्देश्य, कार्य सञ्चालन प्रक्रिया, भौतिक तथा वित्तीय स्रोत सम्बन्धी विवरण,
२. प्रस्तावित व्यवसायको अवधारणापत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र स्रोत परिचालन सहितको व्यवसायिक योजनाको विवरण,
३. प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
४. अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
५. अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,
६. प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश, अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको स्रोत सहितको यथार्थ विवरण,
७. कालो सूचीमा नपरेको र प्रचलित कानुन बमोजिम अयोग्य नरहेको स्व:घोषणा।
८. प्रस्ताव दर्ता गर्दा संस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा सशक्तिकरण हुने गरी व्यवसायिक सम्भाव्यता समेत उल्लेख गरी सोको कार्यान्वयन कार्ययोजना सहितको प्रस्ताव पेश गर्नुपर्नेछ।

नोट: राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०७७ यसै सूचना साथ संलग्न गरी पठाइएको छ। साथै www.mowcsc.gov.np मा लगइन गरेर पनि हेर्न सक्नुहुनेछ। थप जानकारीका लागि मो.नं ९७६२५२७१५२ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

..............
**धनिषा पुन मगर**
**सहायक महिला विकास निरीक्षक**

..............
**देविलाल वि.क**
**प्रमुख प्रशासकीय अधिकृत**

देविलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

# राष्ट्रपति महिला उत्थान
# जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी
# मापदण्ड, २०७७

नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरवार, काठमाडौं

२०७७

## जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०७७

प्रस्तावना: राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत जीविकोपार्जन सुधार कार्यक्रम मार्फत मानव विकास सूचकाङ्कमा पछाडि परेका जिल्लाका विपन्न र एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिन, आर्थिक तथा सामाजिक अवसर र लाभ प्रदान गर्न साथै महिलाको उत्थान, सशक्तीकरण गरी राष्ट्रिय विकासमा मूलप्रवाहीकरण गर्नका लागि राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायको मापदण्ड बनाएको छ।

### परिच्छेद-१
### संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस मापदण्डको नाम "जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०७७" रहेको छ।

(२) यो मापदण्ड नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

### परिच्छेद-२
### परिभाषा

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो मापदण्डमा,-

(क) "अपाङ्गता भएका व्यक्ति "भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता, विद्यमान अवरोधको कारण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्तिहरूलाई समेत सम्झनु पर्छ।

(ख) "कार्यक्रम "भन्नाले जीविकोपार्जन सुधार कार्यक्रम सम्झनु पर्छ।

(ग) "मन्त्रालय "भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ।

(घ) "महानिर्देशक "भन्नाले महिला तथा बालबालिका विभागका महानिर्देशकलाई सम्झनु पर्छ।

(ङ) "विपन्न महिला "भन्नाले आफ्नो जग्गा वा आम्दानीको नियमित स्रोतबाट वार्षिक गुजारा चलाउन नपुग्ने परिवारका आर्थिक रूपमा विपन्न भएको महिलालाई सम्झनुपर्छ र सो शब्दले सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, आर्थिक रूपले विपन्न खस आर्य महिलालाई समेत जनाउँछ।

(च) "विभाग" भन्नाले महिला तथा बालबालिका विभाग सम्झनु पर्छ।

(छ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिकालाई सम्झनु पर्छ।

प्रधानमन्त्री नेपाल सरकार ... को कार्यालय

(ञ) "सहकारी खेती "भन्नाले आफ्ना सदस्यहरु प्रत्यक्षतः संलग्न गराएर सामूहिक वा व्यक्तिगत जोखिममा सञ्चालन गरिने खेतीपाती सम्झनुपर्छ र सो शब्दले सामूहिक रुपमा गरिने पशुपालन, माछापालन, रेशम खेती, मौरीपालन, कुखुरापालन लगायतका व्यवसायलाई समेत जनाउँछ।

(झ) "सीमान्तकृत समुदाय "भन्नाले राजनीतिक, आर्थिक र सामाजिकरुपले पछाडि परेका, विभेद, उत्पीडन तथा भौगोलिक विकटताको कारणले राज्यबाट प्रदत्त सेवा सुविधाको उपभोगबाट वञ्चितरहेका एवम् मानव विकास सूचकाङ्कमा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्दछ र सो शब्दले लोपोन्मुख समुदाय समेतलाई जनाउँछ।

(ञ) "संस्था "भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएका संस्था तथा सहकारीलाई सम्झनु पर्छ।

## परिच्छेद -३

## कार्यक्रमको उद्देश्य र कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्था

३. कार्यक्रमको उद्देश्यः जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनको उद्देश्य देहायबमोजिम रहेको छः-

(क) विपन्न महिलाहरूको जीवनस्तरमा बढोत्तरी ल्याउनु,

(ख) स्थानीय स्रोत साधन समेतको समुचित प्रयोग गर्दै उद्यमशीलता विकासको माध्यमबाट महिलाहरूको आर्थिक सशक्तीकरण गर्नु,

(ग) आय आर्जन तथा जीविकोपार्जन सुधारका माध्यमबाट महिला सशक्तीकरण र महिलाद्वारा स्थापित संस्थाको क्षमता अभिवृद्धि गर्नु।

४. कार्यक्रम सञ्चालन हुने जिल्ला तथा स्थानीय तहः (१) नेपाल मानव विकास सूचकाङ्कमा पछाडि परेका जिल्लाका स्थानीय तहहरूमा यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिम नेपाल मानव विकास सूचकाङ्कमा पछाडि परेका जिल्लागत विवरण अनुसूची-१ बमोजिम हुनेछ।

५. छनौटका आधारहरुः (१) नेपाल मानव विकास सूचकाङ्कमा पछाडि रहेका जिल्लाका स्थानीय तहको छनौट मन्त्रालयबाट हुनेछ।

(२) छनौट भएका संस्थाले यसै मापदण्ड बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

६. जीविकोपार्जन सुधार कार्यक्रमका लागि व्यवसायको क्षेत्रः यस कार्यक्रमबाट मूलतः देहायबमोजिमको कृषि तथा पशुपालन, पर्यटन र गैरकृषि क्षेत्रमा केन्द्रित भई स्थानीय विपन्न महिलालाई सीप विकास तालिम प्रदान गरी व्यवसाय स्थापना र सञ्चालन गर्न खर्च अनुदान (टेवा पूँजी वा बीउ पूँजी) सहयोग उपलव्ध गराई रोजगार तथा स्वरोजगार सिर्जना गर्ने कार्यमा सहयोग गरिनेछः–

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(ज) "सहकारी खेती "भन्नाले आफ्ना सदस्यहरु प्रत्यक्षतः संलग्न गराएर सामूहिक वा व्यक्तिगत जोखिममा सञ्चालन गरिने खेतीपाती सम्झनुपर्छ र सो शब्दले सामूहिक रुपमा गरिने पशुपालन, माछापालन, रेशम खेती, मौरीपालन, कुखुरापालन लगायतका व्यवसायलाई समेत जनाउँछ।

(झ) "सीमान्तकृत समुदाय "भन्नाले राजनीतिक, आर्थिक र सामाजिकरुपले पछाडि परेका, विभेद, उत्पीडन तथा भौगोलिक विकटताको कारणले राज्यबाट प्रदत्त सेवा सुविधाको उपभोगबाट वञ्चितरहेका एवम् मानव विकास सूचकाङ्कमा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्दछ र सो शब्दले लोपोन्मुख समुदाय समेतलाई जनाउँछ।

(ञ) "संस्था "भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएका संस्था तथा सहकारीलाई सम्झनु पर्छ।

## परिच्छेद -३

## कार्यक्रमको उद्देश्य र कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्था

३. कार्यक्रमको उद्देश्यः जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनको उद्देश्य देहायबमोजिम रहेको छः-

(क) विपन्न महिलाहरूको जीवनस्तरमा बढोत्तरी ल्याउनु,

(ख) स्थानीय स्रोत साधन समेतको समुचित प्रयोग गर्दै उद्यमशीलता विकासको माध्यमबाट महिलाहरूको आर्थिक सशक्तीकरण गर्नु,

(ग) आय आर्जन तथा जीविकोपार्जन सुधारका माध्यमबाट महिला सशक्तीकरण र महिलाद्वारा स्थापित संस्थाको क्षमता अभिवृद्धि गर्नु।

४. कार्यक्रम सञ्चालन हुने जिल्ला तथा स्थानीय तहः (१) नेपाल मानव विकास सूचकाङ्कमा पछाडि परेका जिल्लाका स्थानीय तहहरूमा यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) उपदफा (१) बमोजिम नेपाल मानव विकास सूचकाङ्कमा पछाडि परेका जिल्लागत विवरण अनुसूची-१ बमोजिम हुनेछ।

५. छनौटका आधारहरुः (१) नेपाल मानव विकास सूचकाङ्कमा पछाडि रहेका जिल्लाका स्थानीय तहको छनौट मन्त्रालयबाट हुनेछ।

(२) छनौट भएका संस्थाले यसै मापदण्ड बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

६. जीविकोपार्जन सुधार कार्यक्रमका लागि व्यवसायको क्षेत्रः यस कार्यक्रमबाट मूलतः देहायबमोजिमको कृषि तथा पशुपालन, पर्यटन र गैरकृषि क्षेत्रमा केन्द्रित भई स्थानीय विपन्न महिलालाई सीप विकास तालिम प्रदान गरी व्यवसाय स्थापना र सञ्चालन गर्न खर्च अनुदान (टेवा पूँजी वा बीउ पूँजी) सहयोग उपलब्ध गराई रोजगार तथा स्वरोजगार सिर्जना गर्ने कार्यमा सहयोग गरिनेछः–

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

(क) कृषि तथा पशुपालन क्षेत्रः सहकारी खेती, सामूहिक खेती, आधुनिक खेती, पशुपालन, माछापालन, माहुरीपालन लगायत कुनै पनि क्षेत्रको कृषि उत्पादनमा आधारित व्यवसाय कार्यहरू,

(ख) पर्यटन क्षेत्रः होमस्टे, होटेल, रेष्टुरेन्ट ट्रेकिङ, टुर गाइड, स्थानीय स्रोत, साधन र संस्कृतिमा आधारित व्यवसाय कार्यहरू,

(ग) गैह्रकृषि क्षेत्रः वनपैदावार, लोकता कागज उद्योग, अल्लो, जडीबुटी उत्पादन तथा प्रशोधन, ढाका बुनाइ, इम्ब्रोइडरी, होजियारी, बेकरी, हस्तकलाका सामान, ड्राइभिङ, प्लम्बिङ, ब्यूटीपार्लर, क्रिस्टल, सैलुन, इलेक्ट्रिसियन लगायतका व्यवसाय कार्यहरू।

## परिच्छेद -४

## सूचना प्रकाशन, मूल्याङ्कन तथा छनौट प्रक्रिया

७. सूचना प्रकाशन तथा प्रस्ताव आहवानः (१) सम्बन्धित स्थानीय तहले यस कार्यक्रम सञ्चालन गर्ने संस्था छनौटको प्रस्ताव आह्वान गरी सूचना प्रकाशित गर्नुपर्नेछ।

(२) सूचना प्रकाशन गर्दा देहायबमोजिमको प्रक्रिया पुऱ्याउनु पर्नेछः-

(क) पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्ने।

(ख) प्रथम पटक सूचना प्रकाशन गर्दा स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्ने गरी प्रस्ताव पेश हुन नआएमा पुनः सात दिनको प्रस्ताव आव्हान गर्ने।

८. प्रस्ताव पेश गर्ने निकायः दफा ७ बमोजिमको सूचना अनुसार प्रस्ताव पेश गर्न इच्छुक संस्थाले सम्बन्धित स्थानीय तहमा प्रस्ताव पेश गर्नुपर्नेछ।

९. प्रस्ताव पेश गर्ने संस्थाको योग्यताः (१) कार्यक्रम सञ्चालनको प्रस्ताव पेश गर्ने संस्थाको योग्यता देहायबमोजिम हुनेछः-

(क) प्रचलित कानुन बमोजिम दर्ता र नवीकरण भएको,

(ख) प्रत्येक वर्ष लेखापरीक्षण सम्पन्न गरी सो को प्रतिवेदन तयार भएको,

(ग) प्रचलित कानुन बमोजिम अयोग्य नरहेको ।

(२) कार्यक्रम सञ्चालनको प्रस्ताव आह्वानको सूचना प्रकाशन हुनु अगावै प्रचलित कानुन बमोजिम दर्ता भई कार्य सञ्चालन गरिरहेको संस्थाले मात्र प्रस्ताव पेश गर्न सक्नेछन्।

(३) संस्थाले लक्षित महिलाहरूलाई सीप तथा व्यावसायिक विकास तालिम प्रदान गरी व्यक्तिगत वा सामूहिकरूपमा आयआर्जन व्यवसाय सञ्चालन गर्नेगरी प्रस्ताव पेश गर्नु पर्नेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(४) संस्थाले व्यवसायको प्रकृति हेरी कम्तीमा पाँच (५) दिनको तालिम पच्चीस (२५) जना लक्षित सहभागीलाई प्रदान गर्ने गरी व्यावसायिक योजना पेश गर्नुपर्नेछ। तालिम अवधि बढाउनु परेमा संस्थाले आफ्नै स्रोतमा त्यस्तो अवधि बढाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम थप हुने अवधिका लागि स्रोत खुलाई सोको सुनिश्चितताको यथार्थ विवरण दोहोरो नपर्ने गरी प्रस्ताव साथ पेश गर्नु पर्नेछ।

(६) तालिम प्रदान गर्ने संस्थाले तालिम अवधिको कार्यतालिकामा सीप तथा व्यावसायिक विकासका सत्रहरू अनिवार्य रुपमा समावेश गरी तालिमका विषय, विधि र सत्र समेत खुलाइ पेश गर्नु पर्नेछ।

१०. <u>प्रस्ताव साथ संलग्न हुनुपर्ने विवरण तथा कागजातः</u> (१) स्थानीय तहले सूचना प्रकाशन गरेको पन्ध्र (१५) दिनभित्र संस्थाले कार्यक्रमको अवधारणापत्र र व्यवसायिक योजना सहितको प्रस्ताव सम्बन्धित स्थानीय तहमा पेश गर्नु पर्नेछ। यसरी पेश गर्ने प्रस्तावको ढाँचा अनुसूची-२ बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा देहायको विवरण खुलाई कागजात समेत संलग्न गरेको हुनुपर्नेछः-

(क) संस्थाको विधान, परिचय, उद्देश्य, कार्यसञ्चालन प्रक्रिया, भौतिक तथा वित्तीय स्रोत सम्बन्धी विवरण,

(ख) प्रस्तावित व्यवसायको अवधारणापत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र स्रोत परिचालन सहितको व्यावसायिक योजनाको विवरण,

(ग) प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,

(घ) अघिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,

(च) प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश, अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको स्रोत सहितको यथार्थ विवरण,

(छ) कालोसूचीमा नपरेको र प्रचलित कानुनबमोजिम अयोग्य नरहेको स्वःघोषणा।

(ज) प्रस्ताव दर्ता गर्दा संस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा सशक्तीकरण हुने गरी व्यावसायिक सम्भाव्यता समेत उल्लेख गरी सोको कार्यान्वयन कार्ययोजना सहितको प्रस्ताव पेश गर्नुपर्नेछ।

११. <u>प्रस्ताव मूल्याङ्कनको आधार र प्रकृयाः</u> प्रस्ताव मूल्याङ्कनका आधार र प्रक्रियाहरू देहायबमोजिम हुनेछन्ः–

(क) पेश भएका प्रस्तावहरुमध्ये मूल्याङ्कनमा बढी अङ्क प्राप्त गर्ने दुईवटा संस्थालाई छनौट गरिनेछ। दोश्रो उच्च अङ्क प्राप्त गर्ने संस्थालाई वैकल्पिक संस्थाको रुपमा राखिनेछ।

(ख) संस्थाको उद्देश्य, व्यवसायको क्षेत्र, संस्थाको संरचना, संस्था दर्ता तथा सञ्चालन, व्यवस्थापकीय कुशलता, स्थानीय स्रोत साधनको परिचालन अनुसार पूर्णाङ्क सय (१००) हुनेगरी अनुसूची-३ बमोजिमका मूल्याङ्कनका आधारमा संस्थाको छनौट गरिनेछ।

(ग) संस्था छनौट गर्दा संस्थाको विगतको व्यावसायिक कामको अनुभवका साथै भौगोलिक विकटता एवं विपन्न र कोभिड-१९ प्रभावित महिलाहरूलाई समेटिएको प्रस्तावलाई प्राथमिकता दिइनेछ।

(घ) संस्थाले कृषि, गैरकृषि वा पर्यटन क्षेत्र मध्ये एउटा क्षेत्रमा व्यवसाय सञ्चालन गर्ने गरी व्यवसायिक योजना तयार गरी पेश गर्नु पर्नेछ।

(ङ) एउटा स्थानीय तहमा एकभन्दा बढी संस्था छनौट गरिनेछैन।

१२. प्रस्तावको अयोग्यता देहायबमोजिम हुनेछः–

(क) रीतपूर्वक र तोकिएको समय सीमा भित्र प्राप्त नभएको प्रस्ताव,

(ख) बेरुजु र कालोसूचीमा नपरेको स्वघोषणा पत्र संलग्न नभएको प्रस्ताव।

१३. प्रस्ताव मूल्याङ्कन तथा छनौट सिफारीस समितिः स्थानीय तहमा दर्ता हुन आएका प्रस्तावहरू मूल्याङ्कन गरी कार्यक्रम सञ्चालनका लागि संस्था छनौट तथा सिफारिस गर्न देहायबमोजिमको समिति रहनेछः-

(क) उपप्रमुख/उपाध्यक्ष स्थानीय तह -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत -सदस्य

(ग) सामाजिक विकास शाखा प्रमुख -सदस्य

(घ) लेखा प्रमुख -सदस्य

(ङ) महिला तथा बालबालिका सम्बन्धी कार्य हेर्ने महिला कर्मचारी/तोकिएको कर्मचारी सदस्य-सचिव

१४. प्रस्ताव छनौट तथा सिफारिस समितिको काम तथा कर्तव्य देहायबमोजिम हुनेछः–

(क) अनुसूची-३ बमोजिम मूल्याङ्कनका आधार अनुसार मूल्याङ्कन गर्ने,

(ख) समितिले मूल्याङ्कन गरी संस्था छनौट गर्दा उच्च अङ्क प्राप्त गर्ने दुईवटा संस्था छनौट गरी पहिलो हुने संस्थालाई सिफारिस गर्ने र दोस्रो उच्च अङ्क प्राप्त गर्ने संस्थालाई वैकल्पिकमा राखी सिफारिस गर्ने।

(ग) सिफारिस गरिएको जानकारी स्थानीय तहको वेबसाइट/स्थानीय पत्रिका/सूचना पाटीमा प्रकाशन गर्ने।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

१५. कार्यक्रमको कार्यान्वयन तथा संस्था छनौटः कार्यक्रमको कार्यान्वयन तथा संस्था छनौट देहायबमोजिम हुनेछः–

(क) स्थानीय तहले दफा १३ बमोजिमको समितिले सिफारिस गरे बमोजिमको संस्थालाई सम्झौता गर्न आउन सात दिनको म्याद दिई सूचना तथा जानकारी गराउने,

(ख) संस्था छनौट तथा सिफारिस भएको जानकारी सम्बन्धित संस्थालाई टेलिफोन, इमेल जस्ता माध्यमबाट गराउने,

(ग) म्याद भित्र सम्झौता गरी कार्यक्रम सञ्चालन गर्न कायदिश दिने,

(घ) छनौट भएका संस्था तोकिएको समयभित्र सम्झौता गर्न नआएमा बैकल्पिक रुपमा सिफारीस भएको संस्थासँग सम्झौता गर्ने,

१६. संस्थाले लक्षित समुदायका महिला छनौट गर्दा लिनुपर्ने आधारहरुः संस्थाले सीप विकास तालिम कार्यक्रममा एउटा परिवारबाट एक भन्दा बढी महिला नपर्ने गरी देहायबमोजिमका आधारमा लक्षित समुदायका महिला सहभागी छनौट गरी प्रस्ताव पेश गर्नुपर्नेछः–

(क) विपन्न महिला,

(ख) कोभिड-१९ प्रभावित महिला,

(ग) एकल महिला,

(घ) हिंसा पीडित महिला,

(ङ) परिवारमा कृषि बाहेक अन्य कुनै नियमित रोजगारी नभएको परिवारका महिला।

## परिच्छेद -५

## कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

१७. कार्यक्रम कार्यान्वयनको अनुगमनः (१) कार्यक्रम कार्यान्वयनको अनुगमन सम्बन्धित स्थानीय तहबाट हुनेछ।

(२) कार्यक्रमको समग्र अनुगमन तथा मूल्याङ्कन मन्त्रालय तथा विभागबाट हुनेछ।

१८. कार्यक्रम सञ्चालन गर्ने संस्थाको जिम्मेवारीः (१) कार्यक्रममा छनौट भई स्थानीयसँग सम्झौता भएका संस्थाले सम्झौता, प्रस्ताव र मापदण्डमा उल्लेख भए अनुसार देहायबमोजिम हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछः-

(क) स्थानीय तहसँग समन्वय गरी कार्यक्रमलाई प्रभावकारी बनाउने।

(ख) कार्यक्रममा सहभागीहरूले आगामी दिनमा तालिम पश्चात सञ्चालन गर्ने व्यवसायलाई उपलब्धिमूलक र आयआर्जनमूलक बनाउने उपायहरू अवलम्बन गराउने।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नेपाल सरकार

(ग) कार्यक्रम सञ्चालन गर्दा मापदण्ड अनुसार मितव्ययी र प्रभावकारी ढङ्गले खर्च गरी सोको श्रेस्ता तयार गरी स्थानीय तहमा पेश गर्ने।

(घ) स्थानीय तहले दिएको निर्देशन पालन गरी कार्यक्रमलाई व्यवस्थित बनाउने।

(ङ) सहभागीको व्यवसायलाई भविष्यसम्म निरन्तरता दिनको लागि प्राविधिक सहयोग र बजारीकरणको उपायहरू अवलम्बन गर्ने।

(च) व्यवसायमा संलग्न सदस्यहरूको कम्तीमा महिनाको एकपटक बैठक राखी व्यवसाय प्रवर्द्धन गर्ने विषयमा छलफल चलाउने र समस्या समाधानको प्रयास गर्ने।

(छ) तालिम सञ्चालन गर्दा नजिकैका कुनै उत्कृष्ट व्यवसाय वा असल अभ्यासको स्थलगत अवलोकन तथा व्यवसायीसँग साक्षात्कार समेत गराउने व्यवस्था गर्ने।

(ज) कार्यक्रम सञ्चालन पश्चात सम्बन्धित स्थानीय तहमा प्रतिवेदन पेश गर्ने।

## परिच्छेद-६

## भुक्तानी तथा लेखापरीक्षण सम्बन्धी व्यवस्था

१९. अनुदान निकासा प्रक्रियाः कार्यक्रमका लागि नेपाल सरकारबाट विनियोजन भएको रकम यसै मापदण्ड बमोजिम खर्च गर्नेगरी स्थानीय तहलाई सशर्त अनुदानको रुपमा अनुसूची-४ बमोजिमको रकम उपलब्ध गराइनेछ। संस्थाले तालिम सञ्चालन गर्दा नेपाल सरकार, अर्थ मन्त्रालय,बजेट तथा कार्यक्रम महाशाखाको कार्यसञ्चालन निर्देशिका, २०७७ बमोजिम खर्च गर्नुपर्नेछ।

२०. कार्यक्रम सञ्चालनको लागि उपलब्ध गराइने सहयोगः (१) स्थानीय तहमा छनौट भएका संस्था मार्फत सीप तथा व्यावसायिक तालिम तथा व्यवसाय स्थापना खर्च अनुदान उपलब्ध गराइनेछ।

(२) संस्थाले स्थानीय तहसँग सम्झौता गरेपछि सम्झौताबमोजिम कार्यक्रम कार्यान्वयन कार्यतालिका बनाई कार्य सम्पादन गर्नुपर्नेछ।

(३) सम्बन्धित स्थानीय तहले सूचना प्रकाशन गरी विधिवत रूपमा छनौट भएका संस्थाको प्रस्ताव अनुसार जीविकोपार्जन व्यवसाय सञ्चालन गर्न तालिमका सहभागी महिलाहरूका लागि आयमूलक व्यवसाय सञ्चालन गर्न अनुदान उपलब्ध गराउनेछ।

(४) छनौट भएका संस्थाहरू मार्फत सञ्चालन हुने कार्यक्रममा स्थानीय तहले समेत लागत सहभागिता गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(५) कार्यक्रम सञ्चालनका लागि स्थानीय तह मार्फत अनुदान रकम उपलब्ध गराइनेछ। कार्यक्रममा सम्बन्धित संस्थाले निश्चित प्रतिशत लागत सहभागिता गर्नसक्नेछ।

(६) कार्यक्रम सञ्चालन गर्ने संस्थाले सहभागिलाई प्रदान गर्ने अनुदान रकम बैङ्क खाता मार्फत उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ।

२१. भुक्तानी, खर्च लेखापरीक्षण र प्रतिवेदनः (१) यस कार्यक्रमबाट संस्थालाई तालिम कार्यक्रम सञ्चालन खर्च र व्यवसाय सञ्चालन खर्च अनुदान रकम सम्झौता भएपश्चात एकमुष्टरुपमा दिनुपर्नेछ।

नेपाल सरकार ... कार्यालय

(२) संस्थाले लक्षित महिलालाई प्रदान गरिने व्यवसाय सञ्चालन खर्च अनुदान रकम एकमुष्ट रुपमा लक्षित महिलाको बैंक खातामा उपलब्ध गराउनुपर्नेछ।

(३) सम्झौता विपरीत कार्य भए गरेको देखिएमा सबै अनुदान रकम असुल उपर गरी प्रचलित कानुनबमोजिम कारवाही गरिनेछ।

(४) सम्झौता बमोजिम काम नगर्ने संस्थासँग स्थानीय तहले जुनसुकै समयमा सम्झौता रद्द गर्न सक्नेछ।

(५) सम्झौता रद्द गर्नु पूर्व सम्बन्धित संस्थालाई आफ्नो सफाइ पेश गर्ने मौका दिइनेछ।

(६) स्थानीय तहबाट संस्थालाई रकम भुक्तानी दिदा संस्थाको बैंक खाता मार्फत रकम उपलब्ध गराउनुपर्नेछ।

(७) कार्यक्रम सञ्चालन पश्चात सम्बन्धित संस्थाले प्रचलित कानुनबमोजिम लेखा परिक्षण गराई सोको प्रतिवेदन स्थानीय तहमा पेश गर्नुपर्नेछ।

(८) लेखा परीक्षणबाट कुनै पनि खर्च तथा कारोवारको अनियमितता साथै बेरूजु औल्याइएमा त्यस्तो बेरूजु रकम सम्बन्धित संस्थाले फछ्यौंट तथा फरफारक गर्नुपर्नेछ।

## परिच्छेद-७

## विविध

२२. <u>अनुसूची हेरफेर वा थपघटः</u> मन्त्रालयले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ।

२३. <u>बाधा अड्काउ फुकाउनेः</u> यस कार्यक्रम कार्यान्वयन सम्बन्धमा कुनै बाधा, द्विविधा परेमा सोको व्याख्या गर्ने, बाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयमा रहनेछ।

२४. <u>खारेजी र बचाउः</u> "राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" खारेज गरिएको छ। उक्त कार्यविधि बमोजिम भएका काम कारवाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौं

अनुसूची – १

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

आर्थिक वर्ष २०७७/७८ मा नेपाल मानव विकास सूचकाङ्कमा पछाडी परेका ५५ जिल्लाको विवरण

| सि नं | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| १ | उदयपुर | रौतहट | सिन्धुली | वागलुङ | रोल्पा | कालिकोट | बाजुरा |
| २ | संखुवासभा | महोत्तरी | सिन्धुपाल्चोक | गोरखा | प्युठान | हुम्ला | बझाङ |
| ३ | भोजपुर | सर्लाही | दोलखा | म्याग्दी | रुकुम पूर्व | जाजरकोट | अछाम |
| ४ | ताप्लेजुङ्ग | धनुषा | रसुवा | नवलपरासी सुस्ता पूर्व | कपिलवस्तु | मुगु | डोटी |
| ५ | खोटाङ | सिराहा | धादिङ | तनहुँ | अर्घाखाची | डोल्पा | बैतडी |
| ६ | सुनसरी | बारा | नुवाकोट | लमजुङ्ग | गुल्मी | जुम्ला | दार्चुला |
| ७ | पाँचथर | पर्सा | रामेछाप | पर्वत | बर्दिया | दैलेख | डडेलधुरा |
| ८ | ओखलढुङ्गा | ससरी | मकवानपुर | मुस्ताङ | बाँके | रुकुम पश्चिम | - |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार काठमाडौं

अनुसूची –२

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

प्रस्तावको ढाँचा

१. प्रस्तावदाता संस्थाको विवरण

(क) संस्थाको नामः...........

(ख) ठेगानाः .............

(ग) प्रदेशः.............

(घ) जिल्लाः .............

(ङ) न.पा/गा.पाः .............

(च) गाँउ/टोलः.............

(छ) सम्पर्क व्यक्तिः.............

(ज) सम्पर्क नम्बरः.....

२. संस्था दर्ता भएको निकाय नम्बर मिति तथा जिल्लाः

३. संस्थाको सदस्य सहभागिताको अवस्था

| वर्गीकरण | सहभागिता | | | | | |
|---|---|---|---|---|---|---|
| | साधारण सदस्यता | | सञ्चालक समितिमा | | कार्यक्रमबाट प्रत्यक्षतः लाभान्वित हुने | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| महिला | | | | | | |
| अपाङ्गता भएका व्यक्ति | | | | | | |
| दलित समुदाय | | | | | | |
| पिछडिएका अल्पसङ्ख्यक/ जनजाति | | | | | | |
| अन्य | | | | | | |
| जम्मा | | | | | | |

नोटः संस्थामा आबद्ध महिला मध्ये अपांगता भएका महिला र एकलको संख्या कति कति छ खुलाउनु पर्नेछ।

४. सञ्चालक समितिका पदाधिकारीहरूको विवरण

| क्र. स. | नाम | ठेगाना | सम्पर्क नम्बर | योग्यता |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

५. संस्थाको कार्य प्रकृति

.................................................................................................................

(क) सञ्चालक समितिको बैठक नियमित रुपमा बसेको/नबसेको .................

(ख) गत आ.व. को जम्मा बैठक संख्या .....................................

(ग) मिति...............................................................

(घ) वार्षिक साधारण सभा नियमितता ☐ छ ☐ छैन

(ङ) नियमित साधारण सभा बसेको मिति .............................

(च) नियमित मितिभन्दा पछि बसेको मिति ...............................

(छ) लेखा परीक्षण नियमित ☐ छ ☐ छैन

(ज) अन्तिम लेखा परीक्षण भएको मिति ...............................

(झ) कार्यसञ्चालन नियमावली ☐ छ ☐ छैन

६. प्रस्तावित कार्यक्रमको विवरण

(क) प्रस्तावित कार्यक्रमको नामः

(ख) प्रस्तावित कार्यक्रम सञ्चालन स्थलः

(ग) कार्यक्रम प्रारम्भ हुने मितिः कार्यक्रम सम्पन्न हुने मितिः

(घ) क्षेत्रः कृषि तथा पशुपालनः पर्यटन, गैरकृषि

(ङ) प्रस्तावित कार्यक्रमको अवधारणा

.................................................................................................................................

(च) प्रस्तावित कार्यक्रमको औचित्य

.................................................................................................................................

(छ) प्रस्तावित कार्यक्रमको उद्देश्यः

(ज) कार्यक्रम सञ्चालन विधि

- सैद्धान्तिक
- प्रयोगात्मक

(झ) प्रस्तावित कार्यक्रमको कुल लागत रु .

- जीविकोपार्जन कार्यक्रमबाट माग गरिएको अनुदान रु
- संस्थाको स्रोतः नगद ☐ बस्तुगत ☐

(ञ) प्रस्तावित कार्यक्रमको कार्ययोजना

| सि.नं. | क्रियाकलाप | समयावधि | विधि/प्रकृया | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

७. प्रस्तावित व्यवसायको प्रकृति

८. व्यवसाय छनौट विधि

९. प्रस्तावित कार्यक्रमबाट लाभान्वित लक्षित महिलाको सहभागिता

१०. प्रस्तावित व्यवसायको बजारसँगको पहुँच

.................................................................................................................................

११. संस्थाको सम्बन्धित कामको अनुभव/अवधि/समय

१२. स्थानीय स्रोत साधन परिचालनको अवस्था

१३. नेपाल सरकारको अन्य निकायबाट वित्तीय सहयोग प्राप्त गरेको वा नगरेको

.................................................................................................................................

१४. व्यवसाय क्षेत्रमा नवप्रवर्तन हुने/नहुनेः

अध्यक्षको हस्ताक्षर

........................................

नाम, थर

संस्थाको नाम, ठेगाना

संस्थाको छाप

सम्पर्क नं.

नोटः माथि उल्लेखित विवरणहरूलाई पुष्टि गर्ने आधिकारीक कागजातहरू समेत यसैसाथ संलग्न गर्नुपर्नेछ।

अनुसूची – ३

(दफा ११ को खण्ड (ख) र दफा १४ को खण्ड (क) सँग सम्बन्धित)

| क्र.स | विवरण | कूल अङ्कभार | संस्थाले प्राप्त गर्ने अंङ्कभार | कैफियत |
|---|---|---|---|---|
| १ | संस्थाको उदेश्य | १५ | • महिलाको जीवनस्तर उकास्न टेवा पुग्ने वा महिला लक्षित भएमा १५ अङ्क<br>• अन्य उद्देश्य रहेमा १० अङ्क | |
| २ | व्यवसायको क्षेत्र | १५ | • कृषि, गैर कृषि र पर्यटन भएमा १५ अङ्क<br>• अन्य भएमा १० अङ्क | |
| ३ | सहभागीको अवस्था | १५ | • अति विपन्न र कोभिड प्रभावित भएमा १५अङ्क<br>• मिश्रित भएमा १० अङ्क | |
| ४ | संस्थाको संरचना | १५ | • महिलाहरूबाट मात्र स्थापित सञ्चालित संस्था / भएमा १५अङ्क<br>• मिश्रित भएमा १० अङ्क | |
| ५ | संस्था दर्ता वा सञ्चालन | २० | • सम्बन्धित स्थानीय तह भित्र दर्ता वा स्थापना भएमा २० अङ्क<br>• सम्बन्धित जिल्लाभित्र दर्ता वा स्थापना भएमा १० अङ्क<br>• सम्बन्धित प्रदेशभित्र दर्ता वा स्थापना भएमा ५ अङ्क | |
| ६ | व्यवस्थापकीय कुशलता (लेखा परीक्षण, प्रतिवेदन प्रणाली, साधारण सभा र उपस्थिति संख्या, बैठकको नियमितता, सञ्चालक समितिको निर्वाचन आदि) | १० | • २० प्रतिशत भन्दा बढी भएमा १० अङ्क | |
| ७ | स्थानीय स्रोत साधन परिचालन | १० | • व्यावसायिक योजनामा स्थानीय स्रोत साधन प्रयोग भएमा १० अङ्क<br>• बाह्य स्रोत साधन प्रयोग भएमा ६ अङ्क | |
| | जम्मा | १०० | | |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौं